कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके

फोन नं. ०८१२४०००१
०८१५४२२१०

प.सं.०७७/७८
च.नं. ३०५०

मितिः २०७८/०२/३१

श्री नगर कार्यपालिका /वडा कार्यालय/ बिषयगत शाखा सवै,
कोहलपुर नगरपालिका
कोहलपुर बाँके ।

**बिषयः योजना फरफारक तथा भुक्तानी सम्बन्धमा ।**

प्रस्तुत बिषयमा आर्थिक कार्यविधि तथा बित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३० को उपनियम (१) र (७) बमोजिम बिनियोजन ऐनले फ्रिज नहुने भनि तोकेको शिर्षकको रकम बाहेक भुक्तानी दिनुपर्ने अन्य रकम आर्थिक बर्ष समाप्त हुनुभन्दा कम्तिमा (७) सात दिन अगावै भुक्तानी गरि निकासा र खर्चको लेखा अद्यावधिक गरि भुक्तानी निकासा बन्द गर्नुपर्ने प्रवाधान रहेको हुँदा चालु आ.व. २०७७/०७८ मा नगरपालिका र अन्तगतका वडा कार्यालय तथा विषयगत शाखाहरु मार्फत संचालन भएका चालु तथा पुँजिगत तर्फका सम्पुर्ण योजना तथा कार्यक्रमहरुको भुक्तानीका लागि मिति २०७८/०३/२० गते भित्र यस नगरपालिकाको आर्थिक प्रशासन शाखामा भुक्तानीको लागि पेश गर्नुपर्ने कागजातहरु पेश गर्नुहुन अनुरोध छ । अन्यथा बर्षान्तको लेखा अद्यावधिक तथा वित्तिय प्रतिवेदन लगायतको तयारी गर्नुपर्ने हुँदा उक्त मिति भन्दा पछि पेश भएका फाईलहरुमा भुक्तानीको लागि कारवाही गरिने छैन । साथै उक्त भुक्तानी सम्बन्धमा स्वयम जवाफदेही हुनुपर्ने व्यहोरा समेत जानकारीका लागि अनुरोध छ ।

..............................
सुदिप सिंह सुनार
लेखा अधिकृत

..............................
छविलाल नेपाली
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः

श्री कोहलपुर नगरपालिका योजना तथा अनुगमन शाखा — कार्यन्वयन गर्नुहुन ।
श्री कोहलपुर नगरपालिका पुर्वाधार बिकास शाखा— कार्यन्वयन गर्नुहुन ।
श्री जिन्सी तथा भण्डारण उप शाखा — कार्यन्वयन गर्नुहुन ।